**Airlines Operators Association of Nepal**
**वायुसेवा संचालक संघ, नेपाल**
AOAN Nepal
संस्था दर्ता नं. : ६२२/०५५/०५६
पान नं. : ३०२२२२३०३
स.क.प.द.नं.: ..........................

*" Flight Safety is our Commitment "*

# प्रेस विज्ञप्ति

विगत केही दिन देखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने उडानहरु अत्याधिक हवाई चापका कारणले समयमा उडान नभई ढिलाई भईरहेको तथा वायुसेवा कम्पनीहरुले नेपाल सरकारले तोकिएको दरमा नै हवाई टिकट बेचि रहेको अवस्थामा पनि महँगो दरमा हवाई टिकट बेचिएको भनी हाम्रा सदस्य वायुसेवा कम्पनीहरुको चेक ईन काउण्टर तथा अफिसहरुमा गई आम जनसमुदायलाई भ्रम उत्पन्न गर्ने खालका अनर्गल प्रचार प्रसार गरी कर्मचारीहरु माथि अभद्र व्यवहार तथा हुलहुज्जत भएको प्रति यो संघ घोर भर्त्सना गर्दछ । सो कार्यमा संलग्नहरुको पहिचान गरि कानूनी रुपमा कारवाही गर्न समेत यो संघ माग गर्दछ ।

हवाईसेवा सम्वेदनशील सेवा भएकोले यस प्रकारको गतिविधिले हवाई सुरक्षामा प्रतिकुल असर पार्ने हुदाँ सम्वन्धित सबै निकाय चनाखो भई यस प्रकारको घटनालाई निरुत्साहीत गरी दिनु हुन यो संघ जोडदार माग गर्दछ ।

विगत केही दिन अघि आएको अविरल वर्षाको कारण देशका विभिन्न भागहरुमा बाढी पहिरो जानुका साथै सडक तथा सन्चार संजालहरु पूर्ण रुपमा विक्षेद भएको तथा हिन्दूहरुको महानचाड वडा दशैं नजिकिदै गई रहेको अवस्थामा वायुसेवा कम्पनीहरुले अहोरात्र खटीई आफ्ना सेवा प्रदान गरि रहेका बेलामा यस्ता घटना घट्नु निन्दनीय छ । यसरी नागरिकको सेवामा अहोरात्र खटिने कर्मचारीहरुलाई सुरक्षाको पूर्ण प्रत्याभुति दिन नसकेमा सुरक्षाको कारणले सम्पूर्ण नियमित उडानहरु वाध्य भै स्थगन गर्नु पर्ने अवस्था सृजना हुने तर्फ सम्वन्धित निकायको ध्यानाकर्षण यही प्रेस विज्ञप्ति मार्फत गराईन्छ ।

अन्तमा : यस विपद्को घडिलाई मध्यनजर गर्दै सदस्य वायुसेवा कम्पनीका हवाईजहाज तथा हेलिकप्टरहरुले आफ्नो नियमित उडान नगरी प्रभावित नागरिकहरुको उद्धार कार्यमा अहोरात्र खटिई रहेका छन् र यात्रु महानुभावहरुको सुविधालाई ध्यानमा राखि सदस्य वायुसेवा कम्पनीहरुले आफ्नो उडान संख्या समेत थप गरेको व्यहोरा स्मरण गराउन चाहन्छौ ।

मिति २०८१।०६।१६

भवदीय,

मनोज कार्की
अध्यक्ष